घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको ५० औं बैठक

मिति २०७७/०५/२३

## निर्णयहरु

१. कोभिड १९ को कारणले गर्दा गत आर्थिक वर्षमा कार्य सम्पन्न हुन नसकेका केही आयोजनाहरूको लागि चालू आर्थिक वर्षको साउन महिना तथा भाद्र महीनाको मसान्तसम्मका लागि केही आयोजनाहरूको लागि म्याद थप गरिएकोमा बेनी-जोमसोम सडक खण्ड यही वर्षको असार २६ गतेबाट भाद्र महीनाको १२ गतेसम्म पूर्ण रूपमा अवरूद्ध भई निर्माण सामग्रीहरूको ढुवानी ठप्प हुन गएकाले तपसिलमा उल्लिखित आयोजनाहरूको लागि निर्माण सम्पन्न गरिसक्नुपर्ने म्याद अन्तिम पटकका लागि यही वर्षको कार्तिक मसान्तसम्मको लागि थप गर्ने ।

### म्याद थप गर्नुपर्ने आयोजनाहरूको नाम

क. झोनाघाङ भ्यूटावर निर्माण आयोजनाः स्याङ
ख. खेलकूद पूर्वाधार निर्माण (खेलग्राम निर्माण) आयोजनाः जोमसोम
ग. मिनी मुस्ताङ पार्क आयोजनाः जोमसोम
घ. सामुदायिक हल मर्मत तथा जिपसन सिलिङ निर्माण आयोजनाः एयरपोर्ट
ङ. मार्फा अण्डरग्राउण्ड विद्यूतीकरण आयोजनाः मार्फा

२. चालू आर्थिक वर्षका तपसिलका आयोजनाहरूको नाम देहाय बमोजम संशोधन गर्ने ।

### तपसिल

नाम संशोधन गर्नुपर्ने आयोजनाहरूको विवरण

| क्र.सं. | वडा नं. | साविकको नाम | संशोधन गरिएको नाम |
|---|---|---|---|
| १ | ३ | पुथाङ आमा समूह किचन मर्मत | पुथाङ आमा समूह किचन मर्मत र सामान खरिद |
| २ | ३ | टसिलह्खाङ गुम्बा छाना मर्मत तथा रिङपोछे ठी (गद्दी) निर्माण | टसिलह्खाङ गुम्बा मर्मत तथा रिङपोछे ठी (गद्दी) निर्माण |
| ३ | १ | चिमाङ जेष्ठ नागरिक भवन रङ्गरोगन तथा रेलिङ निर्माण | चिमाङ जेष्ठ नागरिक भवन रङ्गरोगन तथा रेलिङ निर्माण र फर्निचर व्यवस्थापन |

३. चालू आर्थिक वर्षको लागि वडा नं. ४ जनहित माध्यमिक विद्यालयमा तारबार लगाउने आयोजनाको लागि रुपैया १ लाख ३० हजार थप गर्ने ।
४. छैटौं गाउँ सभाबाट छनौट भएको वडा नं. ३ एयरपोर्टको सामुदायिक भवन र नमूना आधारभूत विद्यालयको तारबार शीर्षकका लागि रू ६ लाख ४५ हजारको बजेट व्यवस्था गर्ने ।
५. चालू आर्थिक वर्षमा गाउँ कार्यपालिकाको कार्यालयबाट घरपझोङवासी सबै नागरिकहरुको लागि खरिद गरी ल्याइएका कपडाका मास्कहरू कूल जम्मा ५००० थानको लागि भुक्तानी भएको जम्मा रकम रू १ लाख २५ हजार अनुमोदन गर्ने ।
६. कोभिड १९ को संक्रमणलाई समुदायमा फैलिन नदिन एवम् महामारीजन्य क्रियाकलापहरूको कुशल व्यवस्थापन गर्नको लागि यस गाउँपालिकाले जनहित माध्यमिक विद्यालयमा बनाएको क्वारिन्टाइन नेपाल सरकारको निर्णय बमोजिम अन्यत्र स्थानमा स्थानान्तरण गर्न हाललाई उक्त क्वारिन्टाइन यसै गाउँपालिका वडा नं. ४ जोमसोममा रहेको होटल प्राइडमा सार्ने। सो होटललाई मासिक घरभाडा रू ३ लाख ६० हजार दिनेगरी हालका लागि १ महीनाको सम्झौता गर्ने । क्वारिण्टाइनमा राखिने व्यक्तिहरूको खाना र खाजा खर्च क्वारिण्टाइनमा वस्ने व्यक्तिको आर्थिक अवस्था हेरि स्वयम् व्यक्ति वा गाउँपालिकाबाट होटल धनीलाई भुक्तानी दिनेगरी कार्यालयले व्यवस्था मिलाउने । यस बमोजिमको क्वारिण्टिन संयुक्त रूपमा सञ्चालन गर्नको लागि मुस्ताङ जिल्लाका अन्य स्थानीय तहहरूसँग समेत समन्वय गर्ने ।
७. सबै वडा अध्यक्षहरू तथा वडा कार्यालयहरूले कोभिड १९ को संक्रमणलाई हुन नदिन गाउँ कार्यपालिकाको कार्यालयमा समन्वय गरी प्रभावकारी रुपमा सबै वडाहरूमा एकरूपता हुनेगरी कामकारवाहीहरू गर्ने/ गराउने ।
८. चालू आर्थिक वर्षको लागि नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पर्यटन उपज साझेदारी कार्यक्रमको लागि आयोजना माग गरेकोमा यस स्थानीय तहको तर्फबाट मिनी मुस्ताङ परियोजनालाई छनौट गरी पठाउने । उक्त आयोजना कार्यान्वयनको लागि स्थानीय तहबाट लागत साझेदारी गर्नुपर्ने लागतको ३० प्रतिशत रकम गाउँपालिकाको तर्फबाट सुनिश्चितता गरी मन्त्रालयमा आवश्यक कागजातहरू पठाउने ।
९. नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पर्यटन उपज साझेदारी कार्यक्रमको लागि आयोजना माग गरेकोमा गण्डकी प्रदेश सरकारको तर्फबाट यस गाउँपालिकाको मिनी मुस्ताङ परियोजनालाई छनौट गरी पठाइदिनको लागि गण्डकी प्रदेश सरकारमा आवश्यक कागजातहरू सहित लेखी पठाउने ।

१०. चालू आर्थिक वर्षका शिक्षा तर्फका तपसिलका सशर्त कार्यक्रमहरूका लागि विद्यालयहरूबाट माग भई आएका तपसिलका कार्यक्रमहरूका लागि तपसिल बमोजिम बजेट विनियोजन गर्ने ।

**तपसिल**

सशर्त तर्फका कार्यक्रमहरूको बजेट विनियोजन व्यवस्था

| क्र.सं. | कार्यक्रमको नाम | छनौट गरिएको विद्यालय र ठेगाना | विनियोजित बजेट व्यवस्था |
|---|---|---|---|
| १ | विद्यालयमा ICT ल्याव बनाउने कार्यक्रम | मुक्ति नमूना आ.वि., ठिनी | ३२५००० |
| | | नमूना आ.वि.,एयरपोर्ट | ३२५००० |
| २ | विज्ञान प्रयोगशाला निर्माण | जनहित मा.वि., जोमसोम | ६५०००० |

११. चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम विद्यालय छापामय बनाउने कार्यक्रमका लागि देहाय बमोजिम बजेट सहित देहायका विद्यालयहरूलाई छनौट गर्ने ।

देहाय

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | बजेट व्यवस्था |
|---|---|---|
| १ | ढुम्बा आधारभूत विद्यालय, ढुम्बा | ५०००० |
| २ | छैरो आधारभूत विद्यालय, छैरो | ५०००० |
| ३ | मुक्ति नमूना आधारभूत विद्यालय, ठिनी | ५०००० |
| ४ | नीलगिरी आधारभूत विद्यालय, चिमाङ | ५०००० |

१२. चालू आर्थिक वर्षको कृषि तथा पशुसेवा तर्फको स्वीकृत बजेट संलग्न कार्यक्रमहरूका लागि बाँडफाँड गर्ने गरी स्वीकृत गर्ने ।

१३. नेपाल सरकारले निर्माण गरेको सबै स्थानीय तहहरूको एकीकृत मोबाइल एप्लिकेशन सबै वडा अन्तर्गतका नागरिकहरूलाई प्रयोगमा ल्याउन प्रचार प्रसार गर्ने ।

१४. थाक पाँच गाउँ उद्धार समितिले यस कार्यालयमा पेश गरेको निवेदनमा माग भई आएको घरपझोङ किल्लामा रहेको छोर्तेन मर्मत कार्यका लागि यस कार्यालयका प्राविधिकबाट परम्परागत शैलीको छोर्तेन बनाउनको लागि लागत अनुमान तयार गर्न लगाउने र लागत अनुमानको आधारमा बजेट व्यवस्था गर्ने ।

१५. जिल्ला स्तरीय कोभिड क्राइसिस म्यानेजमेण्ड सेण्टरबाट माग भई आए बमोजिम यस गाउँपालिकाका देहायका व्यक्तिहरूको RT-PCR परीक्षणका लागि स्वाब संकलन गर्नको लागि लेखी पठाउने ।

१. प्र.प्र.अ. श्री नेत्रप्रसाद पौडेल वा सू.प्र.अ. श्री सिजता थकाली, घरपझोङ गाउँ कार्यपालिकाको कार्यालय

२. श्री अमन वि.क. १ नं. वडा, चिमाङ गाउँ

३. श्री विजय अग्रहरी, तरकारी पसल, ४ नं. वडा, जोमसोम

४. श्री निमा शेर्पा, हाल ४ नं. वडा, कामदार

५. श्री सञ्जु थकाली, ३ नं. वडा, स्याङ

१६. यस गाउँपालिकाको आयोजनामा यही भदौ महीनाको २५ गते मुस्ताङ जिल्लाका सबै स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरू सम्मिलित स्थानीय अन्तरपालिका परिषद्को बैठक सञ्चालनको लागि स्वीकृति दिने ।

१७. भदौ २५ गते जोमसोममा प्रारम्भ हुने स्थानीय अन्तरपालिका परिषद्को बैठकमा देहायका प्रस्तावहरू लैजानको लागि सिफारिस गर्ने ।

१. कोभिड १९ को संक्रमण न्यूनीकरणका लागि क्वारिन्टिन व्यवस्थापन
२. विद्यूत, सडक र यातायात व्यवस्थापन
३. मुस्ताङ जिल्लाको सञ्चार सुविधा प्रभावकारीता सम्बन्धमा
४. राजश्व संकलन तथा पर्यटन प्रवर्धन
५. सुकुम्वासी तथा भूमिहीन व्यक्तिहरूको सम्बन्धमा
६. स्थानीय पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि तालीम तथा सेवाप्रवाह प्रभावकारीता सम्बन्धमा आवश्यक तालीमहरू व्यवस्थापन गर्न PLGSP पोखरामा लेखी पठाउने सम्बन्धमा ।
७. मिनी मुस्ताङ, दामोदरकुण्ड तथा मुक्तिनाथको एकीकृत विकास सम्बन्धमा
८. समग्र मुस्ताङ जिल्लाको धार्मिक, आर्थिक, पूर्वाधार विकासका सम्बन्धमा,
९. अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना सम्बन्धमा, आदि ।

१८. यस गाउँपालिकाले व्यवस्थापन गरेको क्वारिन्टिनमा राखिएका लोमन्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका वासिन्दाहरूको खर्च संलग्न सूची बमोजिम ती गाउँपालिकाहरूलाई माग गरी पठाउने ।

| क्र.सं. | गाउँपालिकाको नाम | बेड खरिदमा खर्च रकम | क्वारेन्टिनमा बसेको व्यक्ति संख्या | जम्मा दिन | खाना खर्च दर प्रति दिन | जम्मा खर्च |
|---|---|---|---|---|---|---|
| १ | लोमनुथाङ गा.पा. | २०००० | ३ जना | २५ | १००० | ४५००० |
| २ | लोघेकर दामोदरकुण्ड गा.पा. | २०००० | ५ जना | ४० | १००० | ६०००० |
| | **कुल जम्मा** | | | | | **१०५०००** |

१९. गत महिना यस गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरूबाट भएको उपल्लो मुस्ताङका दुई गाउँपालिकाहरूको स्थलगत अध्ययन भ्रमणमा भएको कूल खर्च रकम रूपैया ५ लाख ४६ हजार ४६० अनुमोदन गर्ने ।

२०. यस गाउँपालिका ४ नं. वडामा निर्माणाधिन मिनी मुस्ताङ पार्क परियोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्नको लागि गाउँपालिका अध्यक्षबाट स्वीकृत भएको कार्य शर्त (Terms of Reference - TOR) अनुमोदन गर्ने ।

२१. यस गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत कार्यालय सहयोगी श्री रेखा थकालीलाई कार्यालय सहयोगीले पाउने नेपाल सरकारले तोकेको न्यूनतम तलब स्केल बराबर हुने गरी असोज महीनाबाट मासिक तलब समायोजन गर्ने/तलब थप गर्ने ।

२२. यस गाउँ कार्यपालिकाको कार्यालयमा झण्डै डेढ बर्षदेखि कार्यरत प्रमुख प्रशासकीय अधिकृत श्री नेत्रप्रसाद पौडेल सरूवा भई अन्यत्र रमाना हुन लाग्नुभएको विद्यमान समयमा उहाँले कार्यपालिकाको बैठक मार्फत कार्यपालिकाका सबै सदस्यज्यूहरू, गाउँसभाका सदस्यज्यूहरू, सबै घरपझोङबासी जनताहरू एवम् सहकर्मी कर्मचारीहरूप्रति व्यक्त गर्नुभएको धन्यवाद प्रस्तावलाई स्वीकार गर्ने ।

-0-